<u>मानसिक स्वास्थ्यको उपचार तथा संरक्षण गर्ने  सम्बन्धमा व्यवस्था गर्न बनेको बिधे</u>यक

<u>प्रस्तावना:</u> मानसिक रोगको रोकथाम एवं मनो सामाजिक समस्यालाई न्युनिकरण गर्न तथा मानसिकरुपले अस्वस्थ व्यक्तिको हक र हितको संरक्षण तथा हेरविचारको समयानुकुल व्यवस्था गरी समाजमा पुर्नस्थापन गराउन वान्छनीय भएकोले,

प्रतिनिधिसभा घोषणा, २०६३ जारी भएको पहिलो बर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

परिच्छेद १

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो ऐनको नाम "मानसिक स्वास्थ्य (उपचार तथा संरक्षण) ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा,

(क) "मानसिक रोग" भन्नाले कुनैपनि व्यक्तिको मनस्थिति, विचार, वुद्धि, विवेक एवं स्मरणमा अल्पकालीन तथा दीर्घकालीन असर परी असामान्य क्रियाकलाप प्रकट हुने अवस्था सम्झनुपर्छ ।

(ख) "मानसिक स्वास्थ्य सेवा" भन्नाले मानसिक रोगले अस्वस्थ रहेको आशंका भएको व्यक्तिको मानसिक अवस्थाको निदान तथा विश्लेषण, उपचार, हेरचाह र पुर्नस्थापन समेतको कार्य सम्झनु पर्छ ।

(ग) "मनोचिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलमा चिकित्सककोरुपमा दर्ता भएको मानसिक स्वास्थ्यसंग सम्वन्धित विषयमा विशेष तालिम प्राप्त व्यक्ति सम्झनुपर्छ

(घ) "मानसिक स्वास्थ्य व्यवशायी" भन्नाले मानसिक स्वास्थ्य व्यवशायीको लागि तोकिए वमोजिमको तालिम प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ङ.) "मानसिक रोगी" रोगी भन्नाले मानसिक रोगवाट पिडित व्यक्ति वा सो रोगको कारणबाट मानसिक स्वास्थ्य व्यवशायीवाट मानसिक स्वास्थ्य सेवा पाईरहेको

व्यक्ति सम्झनुपर्छ र सो शव्दले मानसिक स्वास्थ्य संस्थामा भर्ना भएका विरामी समेतलाई जनाउंछ ।

(च) “केन्द्र” भन्नाले यस ऐन वमोजिम स्थापना तथा सन्चालन भएको राष्ट्रिय मनो चिकित्सा केन्द्र सम्झनु पर्छ र सो शव्दले तोकिए बमोजिमका अन्य केन्द्र समेतलाई जनाउंछ ।

(छ) “पुनस्थापना केन्द्र” भन्नाले मानसिक रोगले पिडित व्यक्तिको मानव अधिकार र मर्यादाको संरक्षण गर्दै समाजमा पुनस्थापना गराउने उद्देश्यले स्थापना गरिएको संस्था सम्झनु पर्छ ।

(ज) “मानसिक स्वास्थ्य परीक्षण समिति” भन्नाले दफा ४ वमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(झ) “संरक्षक” भन्नाले मानसिक रोगले पिडित व्यक्तिको हक हित, हेरविचार, सम्पत्तिको संरक्षण र व्यवस्थापनको लागि स्थानीय जिल्ला प्रशासन कार्यालय द्धारा यस ऐन वमोजिम तोकिएको वा नियुक्त भएको व्यक्ति सम्झनुपर्छ ।

(ञ) “स्थानिय निकाय” भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उप महानगरपालिका वा नगरपालिका वा गाउं विकास समिति वा सो अन्तरगतका वडाका पदाधिकारी तथा कर्मचारी सम्झनु पर्छ ।

(ट) “तोकिएको” वा “तोकिएवमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## केन्द्रको स्थापना र सञ्चालन

३. केन्द्रको स्थापना र सञ्चालन: (१) मानसिक स्वास्थ्यको क्षेत्रमा विशेषज्ञ सेवा प्रदान गर्न नेपाल राज्यमा एउटा राष्ट्रिय मनोचिकित्सा केन्द्रको स्थापना तथा सञ्चालन हुनेछ ।

(२) केन्द्र ललितपुर जिल्लामा रहने छ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकासन गरी नेपाल अधिराज्यको अन्य स्थानमा पनि केन्द्रको स्थापना गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुंदाका वखत सञ्चालनमा रहेको मानसिक अस्पताल यस ऐन बमोजिम स्थापित राष्ट्रिय मनोचिकित्सा केन्द्रको नामवाट सञ्चालन हुनेछ ।

४. <u>समितिको गठन:</u> (१) केन्द्रको व्यवस्थापन र सञ्चालनको लागि देहायका सदस्यहरु रहेको एक समिति गठन गरिने छ :-

(क) मनोचिकित्सकहरु मध्येवाट नेपाल सरकारद्धारा मनोनित -अध्यक्ष

(ख) प्रतिष्ठिन महिला समाजसेवीहरु मध्येवाट नेपाल सरकारद्धारा मनोनीत एक जना -सदस्य

(ग) प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(घ) कन्सल्टेण्ट चिकित्सकहरु मध्येवाट केन्द्रको सिफारिसमा नेपाल सरकारद्धारा मनोनीत एकजना महिला सहित दुईजना -सदस्य

(ड.) सम्वन्धित क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाको प्रतिनिधि -सदस्य

(च) प्रतिनिधि, मनोविज्ञान वेत्ता संघ -सदस्य

(छ) केन्द्रको मेट्रोन -सदस्य

(ज) केन्द्रको निर्देशक -सदस्य सचिब

(३) उपदफा (१) को खण्ड (क), (ख), र (घ) वमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

५. केन्द्रको काम, कर्तव्य र अधिकार: केन्द्रको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) केन्द्रको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गर्ने, गराउने,

(ख) केन्द्रको व्यवस्थापन र संचालनको लागि आवश्यक साधन र श्रोत जुटाउने,

(ग) मानसिक रोगीको हक हित एवं उपचार सम्वन्धी राष्ट्रिय नीति निर्माण गर्न मन्त्रालयलाई सुझाव दिने,

(घ) केन्द्रको बजेट स्वीकृति गर्ने,

(ड.) केन्द्रको सेवा शुल्क निर्धारण गर्ने,

(च) केन्द्रको भौतिक सम्पत्तीको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(छ) केन्द्रको वार्षिक प्रतिवेदन सरकार समक्ष पेश गर्ने,

(ज) केन्द्र संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने,

६. <u>समितिको बैठक र निर्णय:</u> (१) समितिको वैठक समितिको अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) समितिको एक तिहाई सदस्यहरुले वैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्ने छ ।

(३) समितिको अध्यक्षले पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य सचिवले समितिको वैठक आवश्यकता अनुसार वोलाउन सक्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरुले आफुहरु मध्येवाट छानेका व्यक्तिले समितिको वैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

(८) समितिको वैठक वर्षमा कम्तीमा चार महिनामा एक पटक बस्नु पर्नेछ ।

(९) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको वैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

७. <u>केन्द्रको कोष:</u> (१) केन्द्रको आफ्नो एउटा छुट्टै कोष रहने छ ।

(२) कोषमा देहाय बमोजिम रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) केन्द्रले सेवा प्रदान गरे वापत प्राप्त रकम,

(ग) कुनै विदेशी संस्था वा सरकार वा अन्तरराष्ट्रिय संस्था वा अन्य दातृ संस्थावाट प्राप्त रकम,

(घ) अन्य श्रोतवाट प्राप्त रकम,

(३) केन्द्रको सम्पूर्ण खर्च उपदफा (१) वमोजिमको कोषवाट व्यहोरिनेछ ।

(४) केन्द्रको कोषमा प्राप्त हुने रकम केन्द्रको नाममा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) केन्द्रको कोषको संचालन केन्द्रका निर्देशक र लेखा प्रमुखको संयूक्त दस्तखतवाट हुनेछ

(६) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि केन्द्रले नेपाल सरकारवाट स्वीकृति प्राप्त गर्नु पर्नेछ र त्यस्तो रकम जुन कार्यक्रमका लागि प्राप्त भएको छ सोही कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

८. <u>लेखा र लेखापरीक्षण:</u> (१) केन्द्रको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) केन्द्रको आर्थिक प्रशासन सम्वन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) केन्द्रको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

४) नेपाल सरकारले चाहेमा केन्द्रको हिसाव किताव जुनसुकै बखत जांच्न वा जंचाउन सक्नेछ ।

९. <u>कर्मचारी सम्बन्धी व्यवस्था:</u> केन्द्रले मन्त्रालयको पूर्व स्वीकृति लिई आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न सक्नेछ र निजहरुको सेवा र शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## <u>मानसिक स्वास्थ्यको परीक्षण र उपचार</u>

१०. <u>मानसिक स्वास्थ्यको परीक्षण:</u> (१) कुनै व्यक्तिको मानसिक स्वास्थ्य स्थितिको परीक्षण गर्दा सम्भव भएसम्म त्यस्तो व्यक्तिको सहमतिमा र निज सहमति दिन सक्ने अवस्थामा नभए निजको संरक्षकको सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सहमति लिदा त्यस्तो व्यक्तिलाई प्रदान गर्न लागिएको उपचारको प्रकृति, उपचार गर्न लाग्ने अनुमानित अवधि, प्रस्तावित उपचार सेवावाट त्यस्तो विरामीको शारीरिक वा मानसिक स्वास्थ्यमा पर्न सक्ने प्रभाव तथा केन्द्रले प्रदान गर्न सक्ने सुविधा जस्ता कुराको पूर्व जानकारी त्यस्तो विरामीले स्पष्टरुपमा बुझ्ने गरी वा त्यस्तो विरामी होस ठेगानमा नभएमा निजको संरक्षकले स्पष्टरुपमा बुझ्ने गरी जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मानसिक स्वास्थ्यको परिक्षणको लागि केन्द्रमा स्वेच्छिकरुपमा उपस्थित भएको व्यक्तिको मानसिक स्वास्थ्यको परिक्षण गर्दा एकजना मनो चिकित्सक सहित दुईजना चिकित्सकको रायमा निजलाई केन्द्रमा भर्ना गरी उपचार गर्नु पर्ने भन्ने कुरामा विश्वस्त भएमा त्यस्तो व्यक्ति केन्द्रमा स्वेच्छिकरुपमा भर्ना हुन नचाहे तापनि निजलाई केन्द्रमा भर्ना गरी उपचार गर्न वाधा पर्ने छैन ।

११. <u>मानसिक रोगीको उपचार:</u> (१) प्रत्येक मानसिक रोगीले अन्य सामान्य नागरिक सरह उपचार पाउने कानूनी हक राख्नेछ ।

(२) प्रत्येक मानसिक रोगीको मनो चिकित्साको दुरुपयोग हुनवाट संरक्षित हुनेछ र जुनसुकै प्रकारको कानूनी सेवा पाउने हक राख्नेछ ।

(३) देहायको अवस्थामा कुनै पनि मानसिक रुपले अस्वस्थ व्यक्तिलाई केन्द्रमा राखी उपचार सेवा प्रदान गरिनेछ ।

(क) दफा १० बमोजिम जांच गर्दा उक्त व्यक्तिलाई कुनै निश्चित अवधिसम्म केन्द्रमा राखी उपचार गर्नु पर्ने भनी चिकित्सकले प्रमाणित गरि दिएमा,

(ख) स्थानिय निकाय, प्रहरी वा अन्य स्वास्थ्य संस्थावाट कुनै व्यक्तिलाई केन्द्रमा राखी उपचार गर्नु पर्ने भनी सिफारिस गरेको आधारमा निजको मानसिक स्थितिको जांच गर्दा उक्त कुरा प्रमाणित हुन आएमा,

(ग) कारागारमा रहेका थुनुवा वा कैदीको मानसिक स्थितिको परीक्षण गर्न पठाउंदा निजलाई केन्द्रमा राखी उपचार गर्नु पर्ने प्रमाणित हुन आएमा,

(४) यस ऐनमा अन्यथा व्यवस्था भए वाहेक उपदफा (१) बमोजिम केन्द्रमा भर्ना गरिएका मानसिक रोगीलाई साधारणतया तीन महिना भन्दा बढी केन्द्रमा राखीने छैन ।

तर

केन्द्रमा भर्ना भई उपचारमा रहिरहेका विरामीको मानसिक स्वास्थ्यको वारेमा मानसिक स्वास्थ्य परीक्षण समितिवाट सिफारीस भएमा त्यस्तो बिरामीलाई तीन महिना भन्दा बढी अवधिसम्म केन्द्रमा राखी उपचार सेवा प्रदान गर्न वाधा पर्ने छैन ।

१२. <u>विरामीलाई डिस्चार्ज गर्न तथा छुट्टि दिन सकिने:</u> (१) यस ऐन वमोजिम केन्द्रमा भर्ना भई मानसिक स्वास्थ्य उपचतार सेवा पाईरहेका विरामीलाई दफा २६ बमोजिमको समितिको सिफारीसमा जुनसुकै वखत केन्द्रवाट डिस्चार्ज गर्न सकिनेछ ।

(१) कैदी वा थुनुवा वाहेक केन्द्रमा भर्ना भई उपचार पाईरहेका विरामीको पति वा पत्नी वा निजको संरक्षकले त्यस्तो विरामीलाई कुनै निश्चित अवधिसम्म छुट्टिमा लैजान केन्द्र समक्ष आवेदन गरेमा र केन्द्रको मनोचिकित्सक देहायको कुरामा विश्वस्त भएमा त्यस्तो विरामीलाई केन्द्रले कुनै खास अवधि सम्मको लागि खास शर्तहरु तोकि छुट्टिमा लैजाने अनुमति दिन सक्नेछन् ।

(क) मानसिक रोगीको हेरचाह र संरक्षण गर्न निवेदक सक्षम छ भन्ने लागेमा,

(ख) विरामीले आफु स्वयंम वा अरु कसैलाई हानी नोक्सानी पु-याउनवाट रोक्न निबेदक सक्षम छ भन्ने लागेमा, र

(ग) अनुमति प्रदान गर्दा तोकिएको अवधि भुक्तान भएपछि त्यस्तो विरामीलाई निबेदकले पुन: केन्द्रमा उपस्थित गराउनछ भन्ने कुराम विश्वस्त भएमा ।

(३) उपदफा (२) बमोजिम लगेको विरामीलाई तोकिएको अवधि भुक्तान भए पछि पुन: केन्द्रमा उपस्थित नगराएमा केन्द्रले सो कुराको सुचना स्थानीय जिल्ला प्रशासन कार्यालयलाई प्रदान गर्नु पर्नेछ ।

(४) यस दफा वमोजिम छुट्टिमा रहेको अवधि भर त्यस्तो विरामीको सम्वन्धमा केन्द्रको कुनै दायित्व रहने छैन ।

१३. विरामीको अभिलेख: (१) केन्द्रमा भर्ना भई उपचार गराएका मानसिकरुपले अस्वस्थ व्यक्तिको सम्वन्धमा देहायको विवरण स्पष्ट हुने गरी केन्द्रले दर्ता अभिलेख राख्नु पर्नेछ ।

(क) बिरामी तथा निजको संरक्षक वा अभिभावकको नाम, थर, उमेर, लिंग, पेशा र ठेगाना,

(ख) रोगको विवरण,

(ग) केन्द्रमा भर्ना भई उपचारमा रहेको अवधि,

(घ) बिरामीलाई प्रदान गरिएको उपचारको विवरण,

(ड.) विरामीको मृत्यु भएको भए सो को मिति, समय र मृत्युको कारण,

(च) विरामीको उपचारमा संलग्न मनोचिकित्सक तथा स्वास्थ्य व्यवशायीको नाम थर र दर्जा,

(छ) तोकिए वमोजिमको अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको विवरण केन्द्रले सुरक्षित रुपमा राख्नु पर्नेछ ।

## परिच्छेद ४

## मानसिक रोगीको हित र संरक्षण

१४. संरक्षकत्व प्रदान गर्नु पर्ने: (१) मानसिकरुपमा अस्वस्थ जुनसुकै व्यक्तिलाई निजको परिवार वा स्थानीय जिल्ला प्रशासन कार्यालयद्धारा नियुक्त वा तोकिएको संरक्षकले उचित संरक्षकत्व प्रदान गर्नु पर्नेछ ।

(२) कुनै बेवारिस व्यक्ति मानसिकरुपले अस्वस्थ भएमा त्यस्तो व्यक्तिको संरक्षकत्व स्थानीय निकायले प्रदान गर्नु पर्नेछ ।

(३) यस ऐन वमोजिम नियुक्त संरक्षकले मानसिक रोगीको स्वार्थ र हक अधिकारको संरक्षकत्व प्रदान गर्नु पर्नेछ ।

१५. सम्पत्तिको सुरक्षा र उपयोग: मानसिकरुपले अस्वस्थ व्यक्तिको कुनै चल अचल सम्पत्तिको खोजविन, संरक्षण तथा व्यवस्थापनको लागि त्यस्तो व्यक्तिको पति वा पत्नी वा संरक्षकले स्थानीय प्रशासन कार्यालयमा निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन पर्न आएमा स्थानीय प्रशासन कार्यालयले त्यस्तो विरामीलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन वा उपस्थित गराउन आदेश दिन सक्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि स्थानीय प्रशासन कार्यालयले दुई वा दुई भन्दा बढी व्यक्तिहरु रहेको समिति गठन गरी मानसिकरुपमा अस्वस्थ व्यक्तिको सम्पत्तीको खोजविन तथा जांचवुझ गराउन सक्नेछ, र जांचवुझको कार्य पुरा भएपछि स्थानीय प्रशासन कार्यालयले देहायको कुराको अभिलेखन गर्नेछः-

(क) मानसिकरुपले अस्वस्थ भनीएको व्यक्ति वास्तवमा मानसिकरुपले अस्वस्थ छ छैन,

(ख) मानसिकरुपले अस्वस्थ भनीएको व्यक्तिले आफ्नो हेरविचार र आफ्नो सम्पत्तीको संरक्षण तथा व्यवस्थापन गर्न सक्ने अवस्थामा छ छैन ।

(४) उपदफा (३) वमोजिम मानसिकरुपले अस्वस्थ भएको व्यक्ति आफ्नो हेरविचार र आफ्नो सम्पत्तीको संरक्षण तथा व्यवस्थापन गर्न असक्षम भएको भनी अभिलेखमा जनाएमा स्थानीय प्रशासन कार्यालये त्यस्तो व्यक्तिको हेर विचार र सम्पत्तीको संरक्षण एवं व्यवस्थापनको लागि निजको परिवार वा नातेदार मध्ये स्थानीय प्रशासन अधिकारीले उपयुक्त ठानेको कुनै व्यक्तिलाई निजको संरक्षक तोक्न वा नियुक्त गर्न सक्नेछ ।

(५) यस दफा वमोजिमको काम कारवाही गर्दा त्यस्तो व्यक्ति मानसिकरुपमा अस्वस्थ नभएको वा आफ्नो हेरविचार र आफ्नो सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्न सक्षम रहेको भन्ने कुरामा स्थानीय प्रशासन अधिकारी विश्वस्त भएमा स्थानीय प्रशासन कार्यालयले यस सम्वन्धी कारवाही जुनसुकै बखत रद्ध गर्न सक्नेछ ।

१६. <u>संरक्षकको दायित्व र सुविधा:</u> (१) दफा १० बमोजिम तोकिएको वा नियुक्त भएको संरक्षकले मानसिक रोगीको उचित हेरविचार र सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) संरक्षकले मानसिकरुपमा अस्वस्थ व्यक्तिको सम्पत्ती निजको हित र कल्याणको निमित्त प्रयोग गर्न पाउनेछ । तर संरक्षकले सम्वन्धित स्थानीय प्रशासन कार्यालयको अनुमति नलिई त्यस्तो सम्पत्ती धितो राख्न, वेचविखन गर्न, हक हस्तान्तरण गर्न, उपहार दिन, सट्टापट्टा गर्न वा अन्य कुनै पनि प्रकारले नष्ट गर्न पाउने छैन ।

(३) यस ऐन बमोजिम तोकिएको वा नियुक्त भएको संरक्षकले सम्बन्धित विरामीको हेरविचार र सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गरे वापत त्यस्तो विरामीको सम्पत्तीवाट स्थानीय प्रशासन कार्यालयद्धारा निर्धाण गरे बमोजिमको मासिक पारिश्रमिक पाउने छ ।

(४) संरक्षकले सम्वन्धित विरामीको सम्पत्तीको विवरण त्रैमासिकरुपमा स्थानीय प्रशासन कार्यालयमा पेश गर्नु पर्नेछ ।

१७. <u>भेदभाव तथा दुर्व्यवहार गर्न नहुने</u>: (१) मानसिकरुपमा अस्वस्थ भएको कारणले कसैले पनि कुनै प्रकारको भेदभावपुर्ण व्यवहार गर्नु हुंदैन ।

(२) मानसिकरुपमा अस्वस्थ कुनै पनि विरामीलाई जोरजुलुम वा हुलहुज्जत वा कुटपिट गरी वा अन्य कुनै प्रकारले निजको शारीरिक वा मानसिक स्वास्थ्यमा प्रतिकुल असर पर्ने काम कारवाही गर्नु हुँदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मानसिकरुपमा अस्वस्थ कुनै व्यक्तिले कसैलाई हानी नोक्सानी पु-याउने वा शान्तिसुरक्षामा खलल पार्ने स्थिति बनाएमा वा त्यस्तो व्यक्तिलाई नियन्त्रणमा नलिए, त्यस्तो व्यक्ति स्वयमको स्वास्थ्यमा हानी नोक्सानी वा कुनै क्षति पुग्न जाने भन्ने मनासिव कारण भएमा त्यस्तो व्यक्तिलाई मानविय उपाय अपनाई नियन्त्रणमा लिन यस दफाले वाधा पु-याएको मानिने छैन ।

१८. स्वास्थ्य परीक्षण तथा अनुसन्धानमा प्रयोग गर्न नहुने: मानसिकरुपमा अस्वस्थ कुनै पनि व्यक्तिलाई देहायको अवस्थामा वाहेक अन्य अवस्थामा अनुसन्धानको लागि प्रयोग गर्न पाईने छैन:

(क) त्यस्तो अनुसन्धानले निजको रागको निदान तथा उपचारमा प्रत्यक्ष फाईदा पुग्ने भएमा,

(ख) अनुसन्धानको लागि सहमति दिन सक्ने अवस्थामा भई सहमती दिएमा वा सहमति दिन सक्ने अवस्था नभई संरक्षकले मञ्जुरी दिएमा ,

(ग) तोकिए बमोजिमको अन्य अवस्थामा ।

१९. जवरजस्ती काममा लगाउन नपाईने: कुनै पनि मानसिक रोगीलाई पारिश्रमिक वा ज्याला नदिई कुनै पनि काममा निजको ईच्छा विपरित जवरजस्ती काममा लगाउनु हुँदैन ।

२०. गोपनियता कायम राख्नु पर्ने: मानसिकरुपमा अस्वस्थ भएको कुनैपनि व्यक्तिको वारेमा कसैले पनि त्यस्तो व्यक्ति मानसिक रोगी भई उपचारको निमित्त केन्द्रमा भर्ना भएको वा पुनस्थापना केन्द्रमा रहेको वा कुनै मानसिक स्वास्थ्य सेवामा उपचार पाई स्वस्थ भएको भनी गोप्यता भंग गर्न हुँदैन ।

तर,

देहायको अवस्थामा व्यक्त गरेको विवरणलाई गोपनियता भंग गरेको मानिने छैन ।

(क) सम्वन्धित व्यक्तिको मन्जुरी भएमा,

(ख) अदालतवाट निजको स्वास्थ्य विवरण माग भएमा,

(ग) कुनै व्यक्तिको मानसिक स्वास्थ्यको वारेमा जानकारी नगराएमा त्यस्तो विरामी स्वयमको स्वास्थ्यमा गंभीर खतरा हुने अवस्था भएमा तथा सार्वजनिकरुपमा कुनै हानी नोक्सानी पुग्ने भन्ने कुरामा मानसिक चिकित्सक विश्वस्त भई गोपनियता कायम राख्नु उपयुक्त नहुने ठहराएमा,

(२) उपदफा (१) बमोजिम मानसिकरुपमा अस्वस्थ व्यक्तिको वारेमा जानकारी उपलव्ध गराउंदा केन्द्रले त्यस्तो व्यक्तिको सम्बन्धमा देहाय बमोजिमको विवरण उपलव्ध गराउन सक्नेछ :-

(क) जानकारी लिन चाहेको बिरामी सो केन्द्रमा भर्ना भएको छ छैन,

(ख) केन्द्रमा भर्ना भएको वा केन्द्रवाट डिस्चार्ज भएको वा मृत्यू भएको भए सो को मिति र बिबरण ।

(ग) विरामीको रोगको प्रकृति ।

२१. <u>सुपरिवेक्षण गर्नु पर्ने:</u> (१) मानसिकरुपले अस्वस्थ व्यक्तिको हक हित र सुरक्षाको निमित्त संरक्षकको जिम्मामा दिईएको व्यक्तिलाई राखीएको स्थान एवं रहन सहनको स्थितिको निरिक्षण तथा सुपरिवेक्षण गर्नु पर्नेछ

(२) उपदफा (१) को प्रयोजनको निमित्त देहाय वमोजिमको समिति रहने छ:

(क) नेपाल सरकारद्धारा मनोनित मानव अधिकार कर्मी -संयोजक

(ख) प्रतिनिधि, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, स्थानीय जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) प्रतिनिधि, नेपाल वार एशोसियसन -सदस्य

(ङ.) निरिक्षण गर्नु पर्ने वडाको अध्यक्ष -सदस्य

(३) उपदफा (२) वमोजिमको समितिले प्रत्येक बर्ष कम्तिमा दुईपटक निरिक्षण र सुपरिवेक्षण गर्नेछ ।

(४) उपदफा (३) वमोजिम समितिले गरेको नियरिक्षण र सुपरिवेक्षणवाट मानसिकरुपले अस्वस्थ व्यक्तिलाई राखीएको स्थान, त्यस्तो व्यक्ति प्रति निजको परिवार वा संरक्षकले गरेको व्यवहार न्युनतम मानविय मुल्य र मान्यतामा आधारित नभएको भन्ने लागेमा त्यस्तो व्यक्तिको हित र संरक्षणको लागि उपदफा (२) वमोजिमको समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(५) यस दफा वमोजिम गरेको निरिक्षण तथा सुपरिवेक्षणको प्रतिवेदन समितिले राष्ट्रिय मानव अधिकार आयोग र महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(६) निरिक्षण र सुपरिवेक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद ५

## <u>कसुर र दण्ड सजाय</u>

२२. कसुर गरेको मानिने: देहाय वमोजिमको कुनै काम कारवाही गरेमा यस ऐन वमोजिमको कसुर गरेको मानिने छ ।

(क) मानसिकरुपले स्वस्थ व्यक्तिलाई मानसिक रोगी भएको वा उपचारवाट मानसिक स्वास्थ्य ठिक भएको वा मानसिक असन्तुलन भई नियन्त्रणमा राखीएको वा मानसिकरुपले अस्वस्थ व्यक्तिलाई स्वस्थ भनी कुनै चिकित्सक वा स्वास्थ्य कर्मीले झुठ्ा वा भ्रमपूर्ण विवरण प्रमाणित गरि दिएमा,

(ख) दफा १० वमोजिम संरक्षकले मानसिकरुपले अस्वस्थ व्यक्तिको हेरविचार तथा संरक्षकत्व प्रदान नगरेमा,

(ग) दफा ११ वमोजिम सम्पत्तीको उचित संरक्षण तथा व्यवस्थापन नगरी हानी नोक्सानी पु-याएमा,

(घ) दफा १५ वमोजिम पारिश्रमिक विना जवरजस्ती काममा लगाएमा,

(ङ.) दफा १६ को प्रतिकूकल गोपनियताको भंग गरेमा,

(च) यस ऐन वमोजिम गर्न नहुने अन्य कुनै काम कारवाही गरे गराएमा,

२३. <u>दण्ड संजाय</u>: (१) दफा २२ मा उल्लेखित कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रालाई विचार गरी पांच हजार रुपैया देखि पच्चिस हजार रुपैया सम्म जरिवाना हुनेछ ।

(२) उपदफा (१) को अतिरिक्त संरक्षकले मानसिकरुपमा अस्वस्थ व्यक्तिको सम्पत्तीको हानी नोक्सानी पु-याएको रहेछ भने त्यसरी हानी नोक्सानी पु-याएको सम्पत्तिको दोव्वर रकम क्षतिपूर्ति वापत निजवाट सरकारी बांकी सरह असुल गरिनेछ ।

२४. <u>मुद्दा चलाईने:</u> यस ऐन वमोजिम कसुर ठहरिने मुद्दाको शुरु कारवाही र किनारा सम्वन्धित जिल्ला अदालतवाट हुनेछ ।

२५. <u>सरकारवादी हुने</u>: यस ऐन वमोजिम कसुर ठहरिने मुद्दा सरकारवादी हुनेछ

## परिच्छेद ६

## <u>विविध</u>

२६. <u>मानसिक स्वास्थ्य परीक्षण समिति</u>: (१) यस ऐनको प्रयोजनको लागि देहाय बमोजिमको एक मानसिक स्वास्थ्य परीक्षण समिति रहने छ:

(क) केन्द्रको प्रमुख मनो चिकित्सक -अध्यक्ष

(ख) नेपाल सरकारद्धारा मनोनित मनोविज्ञानवेत्ता

(ग) मनोचिकित्सा सम्वन्धी क्षेत्रमा ख्याती प्राप्त व्यक्ति मध्येवाट नेपाल सरकारद्धारा मनोनित -सदस्य

(घ) नेपाल सरकारद्धारा मनोनित एकजना महिला चिकित्सक

वा साईकाट्रिक नर्स -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिमको समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

२७. मानसिक स्वास्थ्य परीक्षण समितिको काम, कर्तव्य र अधिकार: (१) यस ऐनमा अन्य व्यवस्था भए वाहेक मानसिक स्वास्थ्य परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:

(क) मानसिकरुपमा अस्वस्थ व्यक्तिको मानसिक स्वास्थ्य स्थितिको वारेमा मनो चिकित्सकले प्रमाणित गरि दिएको विषयको अधिकारिताको वारेमा विवाद उठेमा पुन परीक्षण गरी प्रमाण पत्र दिने,

(ख) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

२८. पुनस्थापना केन्द्रको स्थापना: (१) मानसिकरुपमा अस्वस्थ व्यक्तिले मानसिक स्वास्थ्य संस्था वा केन्द्रवाट मानसिक स्वास्थ्य सेवा पाएतापनि केहि खास अवधिको निमित्त कुनै विरामीलाई निश्चित अवधि सम्मको लागि मनोचिकित्सक वा मानसिक स्वास्थ्य व्यवशायी वा मनोवेत्ताको सुपरिवेक्षणमा राख्नु पर्ने भनी दफा १७ वमोजिमको समितिले सिफारीस गरेका व्यक्तिको हित र कल्याणको निमित्त नेपाल सरकारले आवश्यकतानुसार पुनस्थापना केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुनस्थापना केन्द्रमा देहाय वमोजिमको सेवा तथा सुविधाहरु उपलव्ध हुनु पर्नेछ:-

(क) खेलकुद, शारीरिक व्यायाम तथा विभिन्न मनोरन्जन एवं पुर्नताजगीका सुविधाहरु,

(ख) दैनिक आवश्यक पर्ने सुचना तथा सञ्चारका साधनहरु खरिद गर्न पाउने व्यवस्था,

(ग) सम्वन्धित विषयमा योग्यता प्राप्त चिकित्सक वा तालिम प्राप्त स्वास्थ्य व्यवशायीहरुद्धारा उपयुक्त रुपमा नियमित उपचार सेवा,

(घ) औषधिको आपूर्ति एवं नियमित उपचार सेवा,

(ङ.) नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकासन गरी समय समयमा तोकेको अन्य सुविधा तथा क्रियाकलापहरु,

(३) उपदफा (१) वमोजिम स्थापित पुनस्थापनाको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

२९. नियम वनाउने अधिकार: यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले आवश्यक नियम वनाउन सक्नेछ ।

३०. सम्पर्क मन्त्रालय: यस ऐनको कार्यान्वयनको सम्वन्धमा केन्द्रले नेपाल सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३१. खारेजी र वचाउ (१) मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९ र सो अन्तरग बनेका नियम तथा विनियमहरु खारेज गरिएकोछ ।

(२) मुलुकी ऐन, ईलाज गर्नेको … … …नम्बर खारेज गरिएको छ ।

(३) मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९ वमोजिम गठित मानसिक अस्पताल विकास समितिको सम्पूर्ण चल अचल सम्पत्ती, हक र दायित्व, ठेक्का पट्टा तथा सम्झौता राष्ट्रिय मनो चिकित्सा केन्द्र, पाटनमा सर्नेछ ।

(४) मानसिक अस्पताल विकास समितिमा वहाल रहेका कर्मचारीहरु यसै ऐन वमोजिम गठित केन्द्रको सेवामा स्थानान्तर हुनेछ ।

(५) मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९ वमोजिम भए गरिएका सम्पूर्ण काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरिएको मानिनेछ ।